बर्ष १ अंक १

# नगर दर्पण




कभर पेज




## अन्तिम पृष्ठ

webside www.bhadrapurmun.gov.np Email info@bhadrapurmun.gov.np

फोन नं.०२३५२०७८१, ५२०१४८, ५२००९५

भद्रपुर नगरपालिकावाट प्रकाशित

# नगर दर्पण

२०७५।०७६

सल्लाहकार:
नगर प्रमुख श्री जीवन कुमार श्रेष्ठ
उप प्रमुख श्री चन्द्रमाया श्रेष्ठ
प्र.प्र. अ. श्री तुलसी बहादुर श्रेष्ठ

## सम्पादक

उप सचिव : श्री दिनेश कुमार न्यौपाने
शाखा अधिकृत:श्री दयाकृष्ण ढकाल
लेखा अधिकृत : श्री राम प्रसाद लूईटेल

कम्पूटर सेटिङ्ग श्री प्रमोद प्रधान

webside www.bhadrapurmun.gov.np Email info@bhadrapurmun.gov.np

फोन नं.०२३५२०७८१,५२०१४८,५२००९५

# सम्पादकीय

झापा जिल्लामा रहेको सातवटा नगरपालिका मध्ये भद्रपुर नगरपालिका पुरानो नगरपालिकामा पर्दछ । नेपालकै जेठो नगरपालिकामा परिचित यस नगरपालिका वि.सं. २००८ सालमा स्थापना भएको हो । आ.व.२०३८।३९ मा चन्द्रगढी र महेश्पुर गाउँ विकास समितिको केही वडाहरुलाई एकिकृत गरी १५ वडामा विभाजन गरिएको थियो ।त्यस पछि २०७१ साल मंसिर १६गतेको नेपाल सरकार (मन्त्रि परिषद)बाट भएको निर्णयबाट भद्रपुर नगरपालिका,महेशपुर र चन्द्रगढी गाउ विकास समिति समायोजन भएकोमा यो नगरपालिका २०७३ सालको राज्य पुनर्सरचनामा पृथ्वीनगर गाउ विकास समिति समेत समावेश गरी हाल भद्रपुर नगरपालिकाको क्षेत्रफल ९६.३५ बर्ग किमि कायम रहेको छ। कुल घर धुरी १५२७० र जनसंख्या ६५५३३ रहेको भद्रपुर नगरमा जम्मा १० वटा वडाहरु रहेको छ।

"पुर्वी क्षेत्रको व्यापारिक द्धार,शान्ति र समृद्धि सहितको भद्रपुर नगर" भन्ने नाराका साथ अधिवढेको भद्रपुर नगरपालिकाको यस आ.व.को स्वीकृत नीति योजना तथा कार्यक्रममा उल्लेखित शिर्षकहरुमा विनियोजित भएको खर्चहरुवाट नगरपालिकाले गरेका नगर स्तरिय तथा वडा स्तरिय कार्यक्रमहरुको झलक सहित नगरपालिकाका विभिन्न शाखाहरुवाट संचालित कार्याक्रहरु लगायत वडा अन्तर्गतका मुख्य कार्यक्रमहरु भद्रपुर नगर वासीहरुलाइ सुचित गराउने मुल अभिप्रायका साथ नगरपालिकावाट २०७५ श्रावण १ गतेदेखि फागुण मसान्त सम्मको विवरण नगरवासी समक्ष राख्न बुलेटिनको रुपमा पहिलो प्रयत्नको रुपमा सार्वजनिक गरिएको छ । अर्धवाषिक नगर दर्पण अंकको रुपमा सार्वजनिक यस प्रकाशनमा नगरपालिकाले नगरवासीबाट राय प्रतिकृयाको अपेक्षा गरेको छ । प्राप्त राय प्रतिकृयाका साथ यसलाइ परिष्कृत गरिदै लगिने कुरा समेत यसै सम्पादकिय मार्फत नगरवासीहरुमा जानकारी गराउन चाहान्छौ ।

यो प्रकाशनका लागि उपयूक्त वातावरण तयार गरि सल्लाह तथा सुझावहरु दिनुहुने नगर प्रमुख, उप प्रमुख तथा प्रमुख प्रशासकिय अधिकृत, वडा अध्यक्ष लगायत नगर पालिकाका सबै शाखा प्रमुख तथा वडा सचिवहरुमा हार्दिक धन्यवाद दिन चाहान्छौ । साथै यस प्रकाशनको लागि डिजाईन लगायत आवश्यक सूचना उपलव्ध गराउन सहयोग गर्नु हुने योजना उप शाखा प्रमुख श्री प्रमोद प्रधानलाई हार्दिक धन्यवाद दिन चाहन्छौ ।

सम्पादक

**मेचीपूल उद्घाटन**

भद्रपुर नगरपालिकाको सीमामानिर्माण भएको मेचीनदीपुलको उद्घाटन सम्माननीयप्रधानमन्त्री केपीशर्मा ओलीले २०७५।१०।१७गर्नु भएको थियो ।तत्कालिनउपप्रधानएवं भौतिक योजनातथानिर्माण मन्त्रीविजयकुमार गच्छदारले २०६८ माघ २१ मा शिलान्यास गर्नु भएको थियो ।भारतको बंगालतथाबिहार राज्यसँग जोडिने पुल निर्माणको लागतकरिब ३३ करोड रुपैयाँलागत रहेकोउक्तपुलको लम्बाइ ५६० मिटर चौडाइ ११ मिटर रहेकोछ । मेचीपुलनिर्माण सम्पन्नभई उद्घाटनकोअवसरमा प्रमुखअतिथी सम्मानीयप्रधानमन्त्रीज्यू, एक नम्बर प्रदेशकाप्रदेश सभा सदस्यओमप्रकाश सरावगी,भौतिकपूर्वाधार तथायातायातमन्त्रीतथाअन्यमहानुभावहरुले मन्तव्यतथानगर प्रमुखजीवनकुमार श्रेष्ठले शुभकामनामन्तव्य राख्नु भएको थियो ।

सोहीदिन बेलुका सम्माननीय प्रधानमन्त्रीज्यूबाटभद्रपुरको चन्द्रगढी विमान स्थलबाटरात्रीकालिन सेवाप्रवाहको समेत उद्घाटन गर्नु भएको थियो र सो अवसरमा तात्कालिन संस्कृतिनागरिक उड्डयनमन्त्रीमाननीय रविन्द्र प्रसाद अधिकारीज्यू समेतले मन्तव्य राख्नु भएको थियो ।





**पूर्वाधारविकासका योजनाहरु संचालनमा**

आ.व.२०७५।०७६ कालागि स्वीकृत पूर्वाधार क्षेत्रविकासको कार्यक्रमअनुसार भद्रपुर नगरपालिका क्षेत्रमा वडा स्तरिय योजना, नगर क्षेत्र पूर्वाधार विकास योजनातथाविभिन्नपूर्वाधारका अन्ययोजनाहरुनिर्माणका साथै मर्मत संभारका कार्यहरु भएकाछन् । यस वर्ष कमलधापसिमसार पर्यटकीय क्षेत्रको एकीकृत विकासको लागिविस्तृत परियोजनाप्रतिवेदनतयार भैसकेको र साईन्स सिटी, संगम चोकदेखि भद्रपुर भंसार चोकसम्मको सडक तथा वडा नं.२ को कार्यालय भवनर शवदाह गृहनिर्माणको विस्तृत

परियोजनाप्रतिवेदनतयारीको चरणमा रहेकोछ ।आ.व.२०७५।०७६ मा संचालित योजनाहरुको विवरणतपसिलमाउल्लेख गरिएकोछ ।

तपसिल

| क्र.सं. | योजना /कार्यक्रम/गतिविधी | योजना संख्या | सम्झौता संख्या | विनियोजित बजेट |
|---|---|---|---|---|
| १ | वडा स्तरीय योजना | | | |
| | वडा नं.१ | ९ | ९ | ३८,०००००।०० |
| | वडा नं.२ | १२ | ९ | ३८,०००००।०० |
| | वडा नं.३ | ६ | ५ | २८,०००००।०० |
| | वडा नं.४ | १२ | ९ | ३३,०००००।०० |
| | वडा नं.५ | ८ | ६ | ३१,०००००।०० |
| | वडा नं.६ | ६ | ५ | २९,०००००।०० |
| | वडा नं.७ | ९ | ८ | ३९,६०,०००।०० |
| | वडा नं.८ | ६ | ४ | ३०,०००००।०० |
| | वडा नं.९ | ८ | ३ | ३७,२०,०००।०० |
| | वडा नं.१० | ७ | ६ | ३३,६०,०००।०० |
| २ | नगर क्षेत्रपूर्वाधार योजनागतआ.व.को | ६ | ६ | २,८२,५२,४१३।७९ |
| ३ | नगर क्षेत्रपूर्वाधार योजनाचालु आ.व.को | १६ | १० | ८,८०,००,०००।०० |

**उपभोक्ता समितिहरुलाई अभिमुखीकरण**

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्टगरेको स्थानीयतहको अधिकार क्षेत्र भित्रको विकास निर्माण सम्बन्धीकार्य संचालनकालागिनगरपालिकाले उपभोक्ता समिति गठन, परिचालनतथाव्यवस्थापन गर्नका लागिभद्रपुर नगरपालिकाले उपभोक्ता समिति गठन, परिचालनतथाव्यवस्थापन सम्बन्धीकार्यविधि, २०७५ तर्जुमा गरेकोछ ।कार्यविधिको प्रावधानबमोजिमउपभोक्ता समिति गठन तथा संचालनव्यवस्थितढंगले गरी योजनाहरुको सम्झौतातथाभुक्तानी, लागतअनुमानतयारी लगायत योजना संचालनमाउपभोक्ता समितिको जिम्मेवारी रभूमिकाकोविषयमाजानकारी गराउने उद्देश्यले उपभोक्ता समितिकाअध्यक्ष, सचिव र कोषाध्यक्षहरुका साथै सम्बन्धित वडाका वडा अध्यक्षतथावडा सचिवहरु समेतलाई सहभागी गराई १० वटै वडाहरुमाअभिमूखीकरणकार्यक्रम संचालन गरियो ।उक्तअभिमुखीकरण कार्यक्रममा३७० जना सहभागीहरुको सहभागिता रहेको थियो ।

# अभिमुखीकरणकार्यक्रमको  तस्वीर










**बालमैत्री स्थानीयशासनकाक्रियाकलापमानगरपालिका अगाडी बढ्दै**

भद्रपुर नगरपालिकालाई बालमैत्रीनगरपालिकाबनाउनकालागितीव्र गतिमाविभिन्नकार्यक्रमहरु सञ्चालन गरिएकोछ । नगरका वडाहरुका साथै विद्यालयहरुमाबालक्लब गठन, नगर स्तरीय बाल संजाल गठन, बाल संजालहरुलाई बालमैत्रीशासनको बारे अभिमुखीकरण, अन्तराष्ट्रिय बालदिवसको अवसरमा नगर भित्रकाविद्यालय स्तरीय वक्तृत्वकलाप्रतियोगिता संचालन, सबै वडामा सरोकारवालाहरु बालमैत्री सुचकहरुको अभिमुखिकरण तथाबालबालिकाको स्थिति पत्रतयार गर्ने कार्य सम्पन्न भै सकेका छन् । चालु आ.व. २०७५।०७६ भित्रनगरपालिकालाई बालमैत्रीनगर घोषणा गर्ने लक्ष्यका साथनगरपालिका अगाडी बढी रहेको अवस्था छ ।

तस्वीर





## सन्थालजातीको महानपर्व सोहरार्य

नेपालको पूर्वी जिल्लाझापा र मोरङ्गमामात्रबसोबास गर्ने सन्थालजातीहरुको महानपर्व सोहरार्यको अवसरमा जिल्ला स्तरीय दिसोम सोहरार्य विविधकार्यक्रमका साथभद्रपुरमा सम्पन्नभएकोछ । भद्रपुर नगरपालिकाको आर्थिक सहयोगमा सापापलाहा सन्थाल समाज,भद्रपुरको आयोजनामा संचालितउक्तकार्यक्रममाझापाजिल्लाभित्रका सबै गाउँपालिकातथानगरपालिकामाबसोबास गर्ने सन्थाल समुदायको सहभागिता रहेको थियो । मिति २०७५ फागुन ११ गते भद्रपुर १० स्थित वीरेन्द्र मा.वि.को प्रांगणमा संचालनभएको उक्तकार्यक्रमको प्रमुखआतिथ्यतापूर्व माननीय संविधान सभासदस्यमोहन टुडुले गर्नु भएको थियो भने विशिष्ट आतिथ्यताभद्रपुर नगरपालिकाकानगरप्रमुखजीवनकुमार श्रेष्ठले गर्नु भएको थियो । उक्तकार्यक्रममाभद्रपुर नगरपालिकाका वडा अध्यक्षहरु,नगर कार्यपालिका सदस्यहरु,वडा प्रहरी कार्यालयकाप्रमुख,आदिवासीजनजातीनगर समन्वय समितिभद्रपुरका संयोजक,नेपाल संथालउत्थान संघका अध्यक्ष बडाराम हेमरम,तामांग घेदुंग संघका अध्यक्षमान ब. तामांग,ताडाम लाहा संथाल

समाजकाअध्यक्ष सोम सोरेन लगायत संथालजातीकाशिक्षकहरु लगायतको आतिथ्यता रहेको थियो । उक्तकार्यक्रममापुरुष ४ कि.मी.दौड प्रतियोगिता,महिला २ कि.मी. दौड प्रतियोगिता,IQटेष्ट रGKटेष्ट कार्यक्रम,बोझ्हातुई(धनु काँण हान्ने), साँस्कृतिक नृत्य प्रतियोगिता,गायनप्रतियोगिता,सन्थालीपोषाकपहिरन प्रतियोगिता,कान्डा दिपिलप्रतियोगिता,बाबेलर सामुहिकप्रतियोगितालगायतकासन्थालजातीको संस्कृति,भाषा,भेषभुषा जगेर्ना गर्ने प्रकारका विभिन्नकार्यक्रमहरु संचालनभएकाथिए । प्रमुखअतिथि,विशिष्ट अतिथितथाअतिथीहरुबाट कार्यक्रममाशुभकामनामन्तब्य राख्नुभएको थियो ।

विजेता सबै सहभागीहरुलाई नगद पुरस्कारले पुरस्कृत गरिएको उक्तकार्यक्रमको अध्यक्षता सापापलाहा सन्थाल समाज,भद्रपुरका अध्यक्ष सुफल सोरेनले गर्नुभएको थियो भने कार्यक्रमको संचालनतलु बास्के र सुफल सोरेनले गर्नुभएको थियो ।

<u>कार्यक्रमका तस्वीरहरु</u>





**“खुलादिसामुक्तनगर घोषणा”**

झापाजिल्लामा १५ वटा स्थानीयतहहरु मध्ये सदरमुकामको रुपमाअवस्थितभद्रपुर नगरपालिकामाजिल्ला स्तरीय खानेपानीतथा सरसफाई स्वच्छता समन्वय समितिले गरेको निर्णय एवम् प्रतिबद्धताहरु कार्यान्वयन गर्ने सन्दर्भमा यस नगरपालिकाले खुल्लादिसामुक्तअभियान सञ्चालन गरी मिति २०७५ मंसीर २१ गते खुलादिसामुक्तनगर घोषणा गरेकोछ ।

भद्रपुर नगरपालिकाको आर्थिक वर्ष २०७२।०७३ को वार्षिकनीतितथाकार्यक्रममा“नगरलाई खुलादिसामुक्त क्षेत्र बनाउने अभियानलाई पूर्णतादिनतथानगरवासीलाई शौचालयनिर्माण गर्न प्रोत्साहित गर्ने उद्देश्यले नगर क्षेत्रमा रहेका सबै घरधुरीहरूमा सर्वेक्षण गरी शौचालयभएका घरधुरीहरूलाई शौचालयभएको प्रमाण पत्रवितरण गरिनेछ र उक्त प्रमाण पत्रलिई नगरपालिकामा सेवालिनआउने सेवाग्राहीहरूलाई पहिलो प्राथमिकतामा राखी सेवाप्रदान गरिनेछ“ भनी स्पष्ट रूपमाउल्लेख गरी यस अभियानलाई अगाडी बढाइएको थियो ।

स्वास्थ्य स्वयंसेविका,सामाजिक परिचालक, शिक्षकहरुबाट बानीव्यहोरा परिवर्तनकालागिदवाबमुलकक्रियाकलापहरु सञ्चालनकाबावजुदपनिशौचालयनभएकाहरुले शौचालयबनाउनमाचासो नराखेको र बनाउनसक्नेले पनिअनुदानको आशाराखेको कारण नगरपालिकाखुल्लादिसामुक्तनगर घोषणा गर्नमा पछि पर्न गएको थियो । तर नगर तथा वडा स्तरमा खानेपानी, सरसफाइतथा स्वच्छता समन्वय समितिहरू गठन तथापुनर्गठन गरी जनप्रतिनिधीहरू मार्फत अभियानलाई तिव्रतादिइएको हुँदाआजआएर देशभरको खुल्लादिसामुक्त स्थानीयतहहरु मध्ये एक स्थानीयतहको रुपमाभद्रपुरनगरपालिकाक्षेत्र खुल्लादिसामुक्तक्षेत्र भएकोछ ।

भद्रपुर नगरपालिकाको विभिन्न वडाहरुमाशौचालयनिर्माण तथाखुलादिसामुक्त वडा घोषणा भएको विवरण

| वडा नं. | जम्मा घरधुरी | शौचालयभएका घरधुरी | शौचालयविहीन घरधुरी | घोषणा मिति |
|---|---|---|---|---|
| १० | १८६४ | १७३५ | १४४ | २०७४ चैत्र ९ गते |
| ९ | १५६० | ११२५ | ४०९ | २०७५ जेष्ठ ३० गते |
| ८ | १४२९ | १३२९ | १०० | २०७५ आश्विन १८ गते |
| १ | १३२२ | ९२१ | ४०१ | २०७५ जेष्ठ २५ गते |
| २ | १६६८ | ११६४ | ५१२ | २०७५ जेष्ठ २५ गते |
| ७ | २०२३ | १६२४ | ३९९ | २०७५ आषाढ ३२ गते |

| | | | | |
|---|---|---|---|---|
| ६ | १४४८ | १२४१ | २०७ | २०७५ मंसीर ५ गते |
| ३ | १३७३ | ९३९ | ४३७ | साबिक पृथ्वीनगरको वडाहरु २०७५ जेष्ठ २५ गते (साबिक महेशपुर केही वडाहरु २०७५ मंसीर १८ गते प्रमाणिकरण गरिएको) |
| ४ | १३६८ | ९७० | ३९८ | २०७५ मंसिरमा अन्तिम अनुगमन प्रमाणिकरण गरिएको |
| ५ | १२१५ | १०१६ | १९९ | |
| **जम्मा** | **१५२७०** | **१२०६४** | **३२०६** | |

भद्रपुर नगरपालिकामाखुल्लादिशामुक्तनगर बनाउने अभियानमासिम-नेपालको सहकार्यमा साबिकको भद्रपुर नगरपालिकामा, नेपाल रेडक्रस सोसाइटीउपशाखा, महेशुरसँगको सहकार्यमा साबिक महेशपुर गा.वि.स.मा तथा साबिकको चन्द्रगढी र पृथ्वीनगरगा.वि.स.मातात्कालिनगा.वि.स.स स्वयंले अभियान सञ्चालन गरेको थियो । पछिल्लो पटक ग्लोबल स्यानिटेसन फण्डअन्तर्गत यू.एन. ह्याबिट्याटले झापाजिल्लालाईखुलादिसामुक्तबनाउने कार्यक्रमअन्तर्गत भद्रपुर नगरपालिकाको साबिकको भद्रपुरमा नगरपालिकाआफैले र साबिकको पृथ्वीनगरमा विराट सामुदायिकअध्ययन केन्द्रले अभियानलाई अघि बढाउने जिम्मापाएको थियो ।
भद्रपुर नगरपालिकालाई खुल्लादिसामुक्तनगर बनाउनकालागिअहोरात्र खट्नु हुने जनप्रतिनिधीज्यूहरु, कर्मचारी मित्रहरु, सामाजिक परिचालकहरु, प्रज्वलकहरु, एरिया कोअर्डिनेटरहरु, कार्यक्रमअधिकृत लगायत निरन्तर सुझाव सल्लाह र मार्गदर्शन प्रदान गर्ने जिल्ला समन्वय समिति, प्राविधिक सहयोग गर्ने खानेपानीतथा सरसफाइ डिभिजन कार्यालय, अभियानकाक्रममाआर्थिक, प्राविधिक र प्रक्रियागत सहयोग गर्ने सिम-नेपाल, ग्लोबल स्यानिटेसन फण्डकार्यक्रम(यू.एन. ह्याबिट्याट, सुरक्षानिकाय, क्लब, महिला समूह, बालक्लब, शिक्षकशिक्षिकाहरु, सहयोगीव्यक्तिहरु, सहजकर्ताहरु सहयोगी संघ संस्थाहरुको ठूलो भुमिका रहेकोछ ।








## भद्रपुरमा विद्यालयस्तरीय नृत्य प्रतियोगिता र विज्ञान प्रदर्शनी

भद्रपुर नगरपालिकाको शिक्षा, युवातथा खेलकुदशाखाले पहिलोपटक आयोजना गरेको नगरस्तरीय अन्तर विद्यालय नृत्य प्रतियोगितातथा विज्ञान सामग्रीप्रदर्शनीमा सरकारी तथानिजीस्तरका विद्यालयमाअध्ययनरत विद्यार्थीले आफ्नो प्रतिभाप्रदर्शन गरेका छन् ।

चन्द्रगढीस्थित वीरेन्द्र माविको प्रांगणमा आयोजना गरिएको नृत्य प्रतियोगितामाविभिन्नविद्यालयले सहभागिताजनाएकाथिएभने विज्ञान सामग्रीप्रदर्शनीमा २० वटा विद्यालयका ३० वटा स्टल रहेका थिए । विज्ञान प्रदर्शनीमाजीव विज्ञान, चिकित्सा विज्ञान तथाभौतिक विज्ञानका विभिन्नकिसिमकानमूनाप्रदर्शन गरिएको थियो । प्रदर्शनीमाविद्यार्थीहरुले आफैंले सिर्जना गरेका सौर्यमण्ड, जीवको जीवनचक्र, उत्तोलकको प्रयोग र उपयोगिता, पानीको माध्यमबाट चलाउन सकिने मेशीनरीहरु, वातावरणमैत्री वस्तुहरु, आयुर्वेदिक चिकित्साजस्ता दैनिकजीवनमाउपयोगी विज्ञानका नमूनाहरु प्रस्तुत गरेका थिए ।

नृत्य प्रशिक्षक साया राई र एमबी मोक्तान निर्णायक रहेको नृत्य प्रतियोगितामाआधारभूतकक्षातर्फ प्रज्ञा एकाडेमी प्रथमभई १० हजार, ग्रीनफिल्ड एकाडेमी दोस्रोभई ७हजार, अरनिको मावि तेस्रो भई ५ हजार र एमरेल्ड एकाडेमीले सान्त्वना स्वरुप ३ हजार नगदतथामाध्यमिककक्षातर्फ सेन्ट कुजुर प्रथम, ग्रीनफिल्ड एकाडेमी दोस्रो, विदुर इङलिशहाईस्कूल तेस्रो र अरनिको मावि सान्त्वनाभएकाथिए । विजेताहरुलाई समारोहकाअध्यक्षनगरप्रमुखजीवनुमार श्रेष्ठले पुरस्कार, ट्रफी तथा प्रमाणपत्रप्रदान गरेका थिए ।

यसैगरी, विज्ञान सामग्रीप्रदर्शनी गरेका विद्यालयमध्ये आधारभूततर्फ भगवतीप्राविप्रथम, गौतमबुद्ध प्रावि दोस्रो र ग्यालेक्सी इङलिश स्कूल तेस्रो भयो भने माध्यमिककक्षातर्फ वीरेन्द्र माविप्रथम, शिशु निकेतन दोस्रो तथामुनाल एकाडेमी र प्रज्ञा एकाडेमी संयुक्त रुपमा तेस्रो भएकाथिए । विज्ञान सामग्रीप्रदर्शनीतर्फ

पहिलो हुनेलाई ५ हजार, दोस्रोलाई ३ हजार र तेस्रोलाई २ हजार नगदसहित ट्रफी र प्रमाणपत्र प्रदान गरिएको थियो ।

शिक्षायुवातथा खेलकुदशाखाभद्रपुरका शिक्षककर्मचारी योगेन्द्र पौडेलले सञ्चालन र शाखाप्रमुखदिनेशकुमार न्यौपानेले स्वागतसहितकार्यक्रमको औचित्यमाथिप्रकाशपारेको प्रतियोगितात्मक सो कार्यक्रममानगरपालिकाकाप्रमुखप्रशासकीयअधिकृत तुलसीबहादुर श्रेष्ठ, झापाजिल्लाशिक्षाविकास समन्वयइकाईका प्रमुख योगेन्द्रप्रसाद बराल, प्याब्सनको प्रदेश १ का सल्लाहकार गोविन्दलम्साल, शिक्षकमहासंघ भद्रपुर नगर अध्यक्ष गणेश गिरी, भद्रपुर वडा नं ७ का वडाध्यक्ष विनोद पोखरेल, नगरपालिकाको सामाजिकविकास शाखा संयोजकमित्रा भट्टराईलगायतले यो प्रतियोगिताले सामुदायिकतथा संस्थागतविद्यालयबीच सौहार्द बढाएको उल्लेख गर्दै यस्ता क्रियाकलापले बालबालिकाको प्रतिभा प्रष्फुटनमा महत्वपूर्ण भूमिका खेल्ने भनीमन्तव्य राखेका थिए ।

नगरप्रमुखश्रेष्ठले बालबालिकातथायुवाको क्षमताविकास र प्रतिभाउजागर गर्न यस्ताखाले रचनात्मकक्रियाकलापआगामीदिनमापनिनगरपालिकाले संयोजनकारी भूमिकानिर्वाह गर्ने उल्लेखगर्नु भएको थियो ।

**<u>नमूनायुवा सांसदको अभ्यास</u>**

२०७५।१२।८ गते जिसस सभाहलमाझापाजिल्लाको सदरमुकामभद्रपुर नगरपालिकाशिक्षा,युवातथा खेलकुदशाखाको आयोजनामा“नमुनायुवा सांसद“को बैठक अभ्यास गरिएकोछ।

१० वडाहरुमा गठित समितिहरुबाट ४ जनाका दरले ४० जना र नगर प्रमुखले मनोनीत७जना गरि जम्मा ४७जनायुवा सांसदहरुलाई २०७५र१२र३ गतेबाट ७गते सम्म नेपालको संसदियअभ्यासकाबिबिध संबैधानिकव्यबस्थापनहरु बारे,सरकारका नितिकार्यक्रम बजेट निर्माण प्रकृयासमेतकाबारेमा अधिबक्ता टंक दंगाल,राजकुमार कट्टेल,प्रेम भुजेल,योगेन्द्र पौडेलले सहजिकरण गरेको उक्तकार्यक्रममा ६ गते सत्ता र बिपक्ष दल चयन,सभामुखउपसभामुख राष्ट्रपति उपराष्ट्रपति मन्त्रीपरिषद ,बिपक्षिदलका नेता चयन अनिआगामिदिनमाकार्यबिधिले निर्दिष्ट गरे अनुसार नगर समिति गठन गरिएको थियो ।

नगर समितिको अध्यक्षमा रिनुज वस्नेत, उपाध्यक्षमाअबिनाधमला, काजल सारु मगर सचिव र सुजना राई कोषाध्यक्ष चयन भएका छन् । सदस्यमामीनाविक, रोहननकर्मी, कञ्चनकामती, मनोहर गौतम, प्रनिषा रुचाल, सरोज पाण्डे र पिरु टुडु रहेका छन् ।

युवा सांसदहरुको छलफलबाट राष्ट्रपति रिजु आचार्य ,उपराष्ट्रपति शितल बस्नेत,प्रधानमन्त्री सरोज ढकाल,सभामुखजयन्ति सुबेदि, उपसभामुख सुशीलपोखरेल, बिपक्षीदलको नेता सरोज पाण्डे ,बिपक्षिदलको उपनेता देवमान बराईलि मनोनयनहनुभएको छ।

सत्तापक्षको संसदियदलका नेता सरोज ढकालको अध्यक्षतामा छलफल गरि नमुनामन्त्री परिषद गठन गरिएको थियो ।

८गतेको बैठकमा सभामुखले राष्ट्रपति,प्रधानमन्त्रीलाई सपथग्रहण गराएपछि सभामुख सभाहलमाप्रवेशसँगै नमुनायुवा सांसद बैठक संचालनगरी नगर युवा सरकारको अर्थमन्त्रीप्रविनलुईटेलबाट वार्षिक नीति,बजेट तथाकार्यक्रम,रोजगार तथाउध्योगनीति,कार्यक्रममन्त्री प्रेमा श्रेष्ठबाट, युवा खेलकुलनीतिमन्त्रीआकाशलोहारबाट,शिक्षा, विज्ञान नीतिमन्त्रीअनिल प्रधानबाट,महिलाबालबालिकानीतिमन्त्रीकाजल सारुमगरबाट र शान्तिसुरक्षाकाबारेका योजना गृहमन्त्रीमनोहर गौतमबाट प्रस्तुत गरिएकोथियो भने पक्षविपक्षका छलफल पश्चातध्वनिमतको बहुमत सत्तापक्षको पक्षमा रहेकोले युवा सरकारका नीति, बजेटतथाकार्यक्रमपारित गरिएको थियो ।









**<u>मेलमिलापकर्ताहरुलाई पुनर्ताजगीकार्यक्रम सञ्चालन</u>**

भद्रपुर नगरपालिकानगरकार्यपालिकाको कार्यलयबाट वडा स्तरमा छनौट भएकामेलमिलापकर्ता हरुलाई विभिन्ननीति, नियमतथाकानून सम्बन्ध रमेलमिलाप सम्बन्धिपुनर्ताजगीकार्यक्रममिति२०७५।१२।०८गतेदेखि २०७५।१२।१२ सम्म सञ्चालन गरिएको थियो ।









# व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षाभत्ता सम्बन्धी संक्षिप्तविवरण

## व्यक्तिगत घटना दर्ता

मितिर०७५।०१।०१ गतेदेखि २०७५।०९।३० गतेसम्म

| वडा नं. | जन्म | | | | मृत्यु | | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | तेश्रो लिङ्ग | जम्मा | पुरूष | महिला | तेश्रो लिङ्ग | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | |
| १ | ७६ | ६६ | | १४२ | २२ | १६ | | ३८ | २ | ६० | ११ | ३१ | १७ | ५३ | २७० |
| २ | ८६ | ७० | | १५६ | २३ | १७ | | ४० | | ७१ | ११ | ३७ | २२ | ६२ | ३०० |
| ३ | ५७ | ६७ | | १२४ | १९ | १५ | | ३४ | १ | ४४ | १३ | ३० | ९ | २५ | २२५ |
| ४ | ७९ | ८१ | | १६० | २४ | २१ | | ४५ | | ५९ | १३ | ३७ | १४ | ३४ | २९१ |
| ५ | ४८ | ४३ | | ९१ | १६ | ११ | | २७ | १ | २७ | ४ | १२ | ५ | १५ | १५५ |
| ६ | ३१ | २८ | | ५९ | १९ | १० | | २९ | १ | ४४ | ९ | ३३ | ६ | १३ | १४८ |
| ७ | ९७ | ८९ | | १८६ | २९ | १९ | | ४८ | १ | ६३ | २३ | ५७ | २२ | ७६ | ३४३ |
| ८ | २५ | २९ | | ५४ | १० | ५ | | १५ | | २८ | १२ | ३४ | ६ | १२ | ११५ |
| ९ | ७६ | ६५ | | १४१ | २३ | १६ | | ३९ | १ | ५६ | १७ | ६२ | १० | ३० | २६४ |
| १० | ५९ | ७६ | | १३५ | १७ | १७ | | ३४ | २ | ४७ | २६ | ७३ | २१ | ६७ | २६५ |
| जम्मा | ६३४ | ६१४ | ० | १२४८ | २०२ | १४७ | ० | ३४९ | ९ | ४९९ | १३९ | ४०६ | १३२ | ३८७ | २३७६ |

## सामाजिक सुरक्षाभत्तावितरण (लाभग्राहीहरुको एकीकृत संख्यात्मकविवरण आ.व.२०७५।०७६)

| लक्षित समुह | गत आ.व. बाट नविकरण भएको संङ्ख्या (१) | पहिलो चौमासिक | | | दोस्रो चौमासिक | | | तेस्रो चौमासिक | | | बार्षिक कायम संङ्ख्या | | | जम्मा संङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नयाँ थप संङ्ख्या (२) | लगत कट्टा (३) | जम्मा कायम संङ्ख्या (क=१+२-३) | नयाँ थप संङ्ख्या (४) | लगत कट्टा (५) | जम्मा कायम संङ्ख्या (ख=क+४-५) | नयाँ थप संङ्ख्या (६) | लगत कट्टा (७) | जम्मा कायम संङ्ख्या (ग=ख+६-७) | पुरुष | महिला | अन्य | |
| जेष्ठ नागरिक भत्ता (अन्य) | २८९६ | ३७० | ८२ | ३१८४ | ४ | ० | ३१८८ | २ | ० | ३१९० | १७६७ | १४२२ | १ | ३१९० |
| जेष्ठ नागरिक भत्ता (दलित) | २४२ | २४ | ४ | २६२ | ० | ० | २६२ | ० | ० | २६२ | १४९ | ११३ | ० | २६२ |
| एकल महिला भत्ता | ५ | ३ | ० | ८ | ० | ० | ८ | ० | ० | ८ | ० | ८ | ० | ८ |
| बिधवा भत्ता | २४८१ | १२२ | ३९ | २५६४ | ६९ | १ | २६३२ | २३ | १ | २६५४ | ० | २६५४ | ० | २६५४ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| लोपोन्मुख आदिवासी/जनजाती | २१९ | ६ | १ | २२४ | १ | ० | २२५ | ० | ० | २२५ | १०२ | १२३ | ० | २२५ |
| पूर्ण अपाङ्गता भत्ता | १२७ | १३ | २ | १३८ | ३ | ० | १४१ | ० | ० | १४१ | ७९ | ६२ | ० | १४१ |
| अति अशक्त अपाङ्गता भत्ता | २१८ | ३३ | ७ | २४४ | ४ | ० | २४८ | ० | ० | २४८ | १५२ | ९६ | ० | २४८ |
| बालबलिका सुरक्षा भत्ता - दलित | २३८ | ३६ | २२ | २५२ | २० | ० | २७२ | १८ | ० | २९० | १४४ | १४६ | ० | २९० |
| जे .ना. औषधी उपचार भत्ता | ३५३५ | ३६६ | ८७ | ३८१४ | ० | ० | ३८१४ | ० | ० | ३८१४ | १८१३ | २००० | १ | ३८१४ |
| जम्मा | ६४२६ | ६०७ | १५७ | ६८७६ | १०१ | १ | ६९७६ | ४३ | १ | ७०१८ | २३९३ | ४६२४ | १ | ७०१८ |

## न्यायिक समिति सक्रियहुँदै

स्थानीयतहको निर्वाचनपश्चातनिर्वाचितजनप्रतिनिधीको बहालीपश्चातन्यायिक समितिमाउजुरीको संख्याबढ्दै गैरहेकोछ । आ.व.०७५।०७६ को पौष मसान्तसम्मकुलउजुरी संख्या ६३ वटा रहेकोमा चालु वर्षको पौष मसान्तसम्म निर्णय भएकाविवादहरुको संख्या २५ वटा भएको र निर्णय हुनबाँकीविभिन्नशीर्षकहरुकाविवादको संख्या ३९ वटा रहेका छन् ।

न्यायिक समितिलाई सक्रियबनाउन सानातिनाविवादहरुको मेलमिलापको माध्यमबाट वडास्तरमा नै मिलाउनप्रत्येक वडामा ३/३ जनाको दरमा मेलमिलापकर्ताको छनौट गरी अभिमुखिकरण समेत गरी मेलमिलापको कामतोकिएकोछ ।न्यायिक समितिमादेवानी मुद्दा सम्बन्धी समस्याहरु विशेष गरी अंश वण्डा, वैवाहिक सम्बन्ध, सांधसिमाना लेनदेनकाविषयहरु बढी आउने गरेका छन ।

| क्र.सं | मुद्दा | जम्मा मुद्दा |
|---|---|---|
| १ | भद्रपुर न.पा.को न्यायिक समितिमागतआ.व.२०७४/०७५मा निवेदनप्राप्तभएकाकुल मुद्धाको संख्या | ६५ वटा |
| २ | गतआ.व.२०७४/०७५मा निवेदनप्राप्तभई निर्णय भएकाकुल मुद्धाको संख्या | ३० वटा |
| ३ | गतआ.व.२०७४/०७५मा निवेदनप्राप्तभई निर्णय हुनबाँकीउजुरी संख्या | ३५ वटा |
| ४ | चालु वर्षको पौषमसान्त सम्म प्राप्तभएकाथपउजुरी संख्या | २८ वटा |
| ५ | कुलउजुरी संख्या | ६३ वटा |
| ६ | निर्णय हुनबाँकीविभिन्नशिर्षककाविवादहरुको संख्या | ३९ जना |



**बजार अनुगमनतथानिरिक्षणमा सिकाई गर्दै**

स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार स्थानीयतहलाई बजार अनुगमनतथानिरिक्षण गर्ने कानूनीव्यवस्था गरेकोछ । यस कार्यलाई व्यवस्थित गर्न भद्रपुर नगरपालिकाले उपभोक्ताहित संरक्षण सम्बन्धिकार्यविधी,२०७५ जारी गरी गुणस्तरीय वस्तु सर्वसुलभ रुपमाआपूर्ति गरी स्वच्छ बजार अर्थतन्त्रको निर्माणको लागि सहयोग पुऱ्याउनवजारमा हुने अवैधानिकगतिविधिलाई नियन्त्रण गर्न यस नगरपालिकाले बजार अनुगमनको कार्यलाई तीव्रतादिएकोछ ।भद्रपुर बजार क्षेत्र,चन्द्रगढी बजार क्षेत्र, ज्ञाने चोक र चारआली, सोमबारे क्षेत्रमाखाद्यान्न, मिठाई पसल, माछामासु पसल, तरकारी तथाफलफुल र एग्रोभेट लगायतविभिन्नपसलहरुको अनुगमन गरी मापदण्ड बाहिरका ढक तराजु जफत गर्ने,म्याद सकिएकाखाद्यान्न सामग्रीहरु हटाउने तथा तरकारीको विषादी परिक्षण गरी प्रतिवेदनलिने कार्य गरिनुका साथै अनुगमनको कार्यलाई व्यवस्थितबनाउन ३ प्रकारका स्टिकर समेत बनाई कसुरको मात्राअनुसार चेतावनी स्वरुप सम्बन्धितपसलमा टांस गर्ने गरेकोछ ।नगरपालिकामामदिरा बिक्रीवितरणलाई व्यवस्थित गर्न नगरपालिकाले मदिरा बिक्रीवितरणसँग सम्बन्धितकार्यविधि, २०७५ तर्जुमा गरी मदिरा व्यवसाय सञ्चालनलाई व्यवस्थित गरेकोछ ।

**अल्पकालिन सेवा केन्द्र (Safe house) को स्थापना र सञ्चालन**

भद्रपुर नगरपालिकाकाघरेलु तथा लैंगिक हिंसा पीडित महिलातथा पीडितसँग आश्रित नाबालक, मानव बेचबिखनबाट पिडित तथाप्रभावितमहिला, किशोरी र बेवारिसे बालबालिकाहरुलाई तत्कालकालागिबास तथागासको समस्याभई आपतकालिनअवस्थामा परेका महिलातथाबालबालिकाहरुलाई मध्येनजर गर्दै भद्रपुर नगरकार्यपालिकाको बैठकबाट स्वीकृत भएकोअल्पकालिन सेवा केन्द्र (सेफ हाउस) तथा कोष संचालनकार्यविधि, २०७५ अनुसार मानवअधिकारकारका लागिमहिला, एकलमहिला समुह, भद्रपुर बिच सम्झौता गरीउक्त संस्थाको भवनमाकार्य संचालन शुरु भएकोछ । स्थानीय समन्वय समितिले सिफारिस गरेको पिडितलाई सेवा केन्द्रमा राख्न सकिने व्यवस्था गरिएकोछ । पिडितलाई न्यायको पहुँच पुऱ्याउनतथापारिवारिक पुनर्मिलन र पुनर्स्थापना गर्न समेत सेवा केन्द्रको माध्यमबाट सहयोग मिल्नेछ ।

**ज्येष्ठ नागरिक कार्यक्रम**

अनुभव र सीपकाखानी ज्येष्ठनागरिकहरुलाई यस नगरपालिकाबाट ज्येष्ठ नागरिकमाभएको सीप अन्तरपुस्तासम्मपुगोस्भन्ने उद्देश्यले अन्तरपुस्ताअभिमुखिकरण, सम्मानकार्यक्रम र ज्येष्ठ नागरीकहरुकालागि चौतारी निर्माण जस्ता कार्यक्रम संचालन गर्ने गरेकोछ । ज्येष्ठ नागरिकहरुसँग सम्बन्धितविभिन्नदिवस मनाउने कार्यक्रमहरुजेष्ठ नागरिक नगर समन्वय समितिको समन्वयमा संचालित गरिएको थियो, जसले गर्दा घरमा बसी रहेका ज्येष्ठनागरिकहरुलाई एकार्कासँग भेटघाट हुने, भलाकुसारी गर्ने जस्ता कार्यबाट जेष्ठनागरिककोआत्मसम्मानमा टेवापुगेकोछ । हालसम्म७३६जना ज्येष्ठ नागरिकलाई परिचयपत्रवितरण गरिएकोछ ।

**अपाङ्गतासम्बन्धीकार्यक्रम**

समाजमा फरक क्षमताभएकाअपांगताव्यक्तिहरुलाई यस नगरपालिकाबाट समाजमापुर्नस्थापनाहुने कार्यक्रमहरु अन्तर्गत अपाङ्गताभएकाव्यक्तिहरुलाई सहायकसामाग्रीवितरण, सिपविकास तालिम जस्ता क्षमताअभिवृद्धिका कार्यक्रमहरुसंचालन गर्ने गरिएकोछ ।अन्तर्राष्ट्रिय अपाङ्गतादिवसकादिन स्थानीयअपाङ्गता समन्वय समितिको आयोजनामाअन्तर्राष्ट्रिय अपाङ्गतादिवस मनाइएको थियो । त्यसै गरी अपाङ्गताभएकाव्यक्तिहरुको परिचयपत्रवितरण कार्यविधि, २०७५ तयारी गरी स्थानियअपाङ्गता समन्वय समिति गठन गर्नुका साथै अपाङ्गतालाई नयाँअपाङ्गतापरिचयपत्रवितरण तथानवीकरण गर्ने कार्य गरिरहेको अवस्था छ ।



अपाङ्गता दिवस






**अन्तर्राष्ट्रिय श्रमिकमहिलादिवस**

भद्रपुर नगरपालिकाको आयोजनामा १०९ औं अन्तर्राष्ट्रिय श्रमिकमहिलादिवसमिति २०७५।११।१४ गते मनाइयो । उक्तअवसरमा र्‍याली, मेचीअंचल अस्पतालकीमहिला रोग विशेषज्ञ डा.झुमाशिलवाल, भद्रपुरका महिला सिटीसफारीचालकलाई सम्मान,सुत्केरी महिलालाई उपमेयरसँग सुत्केरी कार्यक्रमको शुरुवातसँगै सामान हस्तान्तरण समेत गरिएको थियो ।









**झापाजिल्ला स्तरीय अन्तर नगरपालिकाकर्मचारी फूटबल प्रतियोगिता २०७५**

भद्रपुर नगरपालिकाको सहयोग र नेपालनगरपालिकाकर्मचारी एशोसिएसन, इकाई समिति, भद्रपुर नगरपालिका र मुनाल फुटबल एकाडमीको प्राविधिक सहयोगमामिति २०७५।११।१८, २३ र २४ गते भद्रपुर माध्यमिकविद्यालय र मेची रंगशालाको मैदानमाझापाजिल्ला स्तरीय अन्तर नगरपालिकाकर्मचारी फूटबल प्रतियोगिता सञ्चालन गरिएको थियो । उक्तप्रतियोगितामाझापाजिल्लाका ८ वटै नगरपालिकाको

सहभागिता रहेको थियो । उक्तप्रतियोगितामाविर्तामोड नगरपालिकाप्रथमभई रु.३० हजार र अर्जुनधारा नगरपालिका दोस्रो भई रु.२० हजार प्रदान गरिएको थियो ।









**आन्तरिक आयअनलाईनबाट सम्बन्धित वडाबाट संकलन गरिदै**

भद्रपुर नगरपालिकाले नगरवासीलाई सहज ढंगबाट सेवाप्रदान गर्ने लक्ष्य राखेकोमा उक्तलक्ष्यलाई परिपूर्ति गर्न हाल१० वटै वडाहरुमा गुणस्तरीय इन्टरनेट सेवा(dedicated fiber line)को माध्यमबाट नगरपालिकाको कार्यालयको एउटै नेटवर्कमा राखी सबै वडाहरुबाट चालु आ.व.२०७५।०७६को असोज महिनादेखि नै सबै प्रकारका राजस्वहरुसंकलनकार्य भैरहेकोछ ।चालु आ.व. को प्रथम ६ महिनाको अवधीमाविभिन्नशिर्षकमा गरी आन्तरिक आयतर्फ रु१,८२,४४,८७९।००संकलन गरीआ.व.

२०७५।०७६को लागिरु.४,४२,०५,०००।००लक्ष्य राखिएकोमा लक्ष्यको तुलनामा३२.४०प्रतिशतप्रगतिहासिल गरेको अवस्था छ ।

राजस्व संकलनको अवस्थाचित्रमा

## आयको श्रोतगतवर्गिकरण




## करदाता संख्या

| क्र.सं. | विवरण | करदाता संख्या |
|---|---|---|
| १ | सम्पत्ति कर | २१,३६४ |
| २ | व्यापार व्यवसाय | २,४८८ |
| ३ | उद्योग | १८४ |
| ४ | बहाल कर | ५६९ |

## वडागत रुपमाआम्दानीको विवरण

| विवरण | वार्ड नं.१, | वार्ड नं.२ | वार्ड नं.३ | वार्ड नं.४ | वार्ड नं.५ | वार्ड नं.६ | वार्ड नं.७ | वार्ड नं.८ | वार्ड नं.९ | वार्ड नं.१०, | कार्यालयमा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **आम्दानी २०७५पौष मसान्त सम्मको** | ७२५,५४३।५७ | ९३४,५५८।२६ | ७४६,६६६।६७ | ३९६,०५६।०१ | ३१७,४०५।७४ | ५९०,७००।०५ | १,१५५,२१३।४० | १,०४६,६०७।५६ | ६२०,९६८।२८ | १,१७९,०३६।३७ | १०,२३७,९३९।०२ |

## भद्रपुरमा घर नक्सापास व्यवस्थितवन्दै

भद्रपुर नगरपालिका क्षेत्र अन्तर्गत बनेका सरकारी तथानिजीआवासकाघरहरुको नक्शापास प्रक्रियालाई अध्यावधिक गर्ने कार्यलाई निरन्तरतादिंदै सम्पूर्ण पास भएकानक्शाहरुको डिजिटाइज्ड गरी अभिलेखलाई व्यवस्थित गर्ने कार्य निरन्तर गरिदै आएकोछ । घर नक्शापास प्रक्रियालाई व्यवस्थित गर्ने क्रममाअमिननियुक्ति, भद्रपुर नगरपालिकाको “भवननिर्माण सम्बन्धि मापदण्ड”को अन्तरिम प्रतिवेदनतयारी, निर्माण भैसकेको भवनको नक्सानियमित गर्ने म्याद पुस मसान्तमा सकिएकोले पुनःम्यादथप गरिएको साथै २ बजे पछिको समयलाई फिल्डनिरीक्षणको समय तोकीनक्शापासको कार्य व्यवस्थित गरिएको ।

## हाल सम्मभद्रपुर नगरपालिकाअन्तर्गत पास भएका घर नक्शाको विवरण

| क्रम संख्या | २०७४/७५ | | २०७५/७६(पुस सम्म) | |
|---|---|---|---|---|
| वडा नम्बर | दर्खास्त पेश | नक्सा पास | दरखास्त | नक्सा पास |
| १ | १०१ | ३६ | ३ | ५ |
| २ | १९८ | ३२ | १३ | २८ |
| ३ | १०५ | २९ | १२ | १८ |
| ४ | ५५ | ३९ | ४ | ९ |
| ५ | ९१ | ५२ | ११ | १५ |
| ६ | १०४ | ५१ | ९ | १३ |
| ७ | ९५ | ४४ | २४ | २९ |
| ८ | १०६ | ५१ | २० | ३५ |
| ९ | ६९ | ३५ | ८ | ११ |
| १० | ११३ | ५४ | २९ | २९ |
| जम्मा : | १०३७ | ४२३ | १३३ | १९२ |

# नगरपालिकाकावडागतगतिविधी

## १ न. वडा कार्यालय

**१) राजस्वतर्फः**आ.व. २०७५।७६

| क.सं. | महिना | रकम |
|---|---|---|
| १ | श्रावण | ३२,४७९।- |
| २ | भाद्र | २३,३४०।- |
| ३ | असोज | २०,८०७।- |
| ४ | कार्तिक | २,९३,८४७।- |
| ५ | मंसीर | १,३९,७५६।- |
| ६ | पौष | २,१५,३०४।- |
| | जम्मा | ७,२५,५४३।- |

(नोटः योजनाको २०% (३,७७,८२३।-) जनसहभागिता रकम समेत समावेश गरिएको छ ।)

### २) सामाजिक सुरक्षाकार्यक्रमतथाव्यक्तिगत घटना दर्ता

### सामाजिक सुरक्षाकार्यक्रम

| क.सं. | विवरण | संख्या |
|---|---|---|
| १ | जेष्ठ नागरिक अन्य | ३४७ |
| २ | जेष्ठ नागरिक दलित | ५२ |
| ३ | विधवा | १६४ |
| ४ | पूर्ण अपांग | २३ |
| ५ | अतिअशक्तअपांग | ३७ |
| ६ | दलितबालबालिका | २४ |
| | जम्मा | ६४७ |

### व्यक्तिगत घटना दर्ता

| क.सं. | विवरण | दर्ता संख्या |
|---|---|---|
| १ | जन्म | ८३ |

| | | |
|---|---|---|
| २ | मृत्यु | २५ |
| ३ | विवाह | ३३ |
| ४ | सम्वन्ध विच्छेद | २ |
| ५ | वसाइंसराई | १७ |
| | जम्मा | १६० |

## २ नं. वडा कार्यालय

### आर्थिक विवरण

| महिना | पंञ्जिकरण | सिफारिस | नाता प्रमाणित | ब्यवसाय | सम्पति कर | अन्य आय | जम्मा |
|---|---|---|---|---|---|---|---|
| श्रावण | ३०३० | ४३३१० | ४८२० | १२९२० | ५२४५२ | – | ११६५३२ |
| भाद्र | २२७० | ३५७१० | २४४० | २४८९० | १७४६४ | | ८२७७४ |
| असोज | २७०० | ५६४७७ | – | १४८६० | २१६५२ | – | ९५,६८९ |
| कार्तिक | २१८० | ३५७०० | – | १३१५० | २९८८२. | १२८३१० | ८१८९२.८ |
| मसिर | ४२७० | ५५०८० | २८५० | ६१५० | २९१३८ं२७ | १२७३१० | २२५७९८ं२७ |
| पुष | ४७५० | ५१९७० | ६४८० | १३७०० | १२२७५ं३१९ | १३३०२० | ३३२६७३.१९ |
| जम्मा | १९२०० | २७८२४७ | १६५९० | ८५६७० | २७३३४२ | २६१५१० | ९३४५५९ |

## भद्रपुर नगरपालिका वडा नं. ३

मिति २०७५।१२।०८गते भद्रपुर ३ को सूर्यनगरमा जेष्ठ नागरिकहरुलाई सम्मान गर्ने कार्यक्रम सञ्चालन गरिएको थियो ।





**भद्रपुर नगरपालिका वडा नं. ४**



(१) भद्रपुर नगरपालिका वडा नं. ४ ले तात्कालिन महेशपुर गाउँविकास समितिलाई ज.वि. ०-९-१० जग्गानिःशुल्कउपलब्ध गराउनु हुने स्व.गोपालचन्द्र राजवंशीलाई मरणोपरान्त सम्मानगर्दै जग्गादाताको शिलालेख अनावरण गरेको थियो । उक्तजग्गामाहालभद्रपुर नगरपालिका वडा नं.४ को वडा कार्यालय रहेकोछ । त्यसैगरी पूर्व गा.वि.स.अध्यक्षतथाउपाध्यक्षहरुलाई समेत वडा समितिको कार्यालयले सम्मान गरेकोछ । सम्मानितव्यक्तित्वहरुमापूर्व गा.वि.स.अध्यक्षहरु श्यामानन्दसिंह राजवंशी, रोहितचन्द्र सिंह राजवंशी, पवनलालमाझी, उपाध्यक्षहरु गणेशबहादुर बस्नेत र फुलसिंह राजवंशी हुनुहुन्छ ।

(२) सामुदायिकविद्यालयकाविद्यार्थीहरुलाई शैक्षिक सामग्रीवितरण

| विद्यालयको नाम | वालकक्षकाविद्यार्थी संख्या | जम्माविद्यार्थी संख्या | डटपेन | खाता ४ थान का दरले |
|---|---|---|---|---|
| श्री जनकल्याण आधारभुतविद्यालय | २७ | १५९ | १५९ | ६३६ |
| श्री पशुपतीप्रथमिकविद्यालय | २० | १०५ | १०५ | ४२० |
| श्री महेशपुर आधाभुतविद्यालय | ११ | ७४ | ७४ | २९६ |
| जम्मा | ५८ | ३३८ | ३३८ | १३५२ |

(३) त्यसैगरी वडामा रहेका अतिविपन्न, जेष्ठ, अपाङ्ग, एकल घर परिवारलाई जम्मा २०० थानव्ल्यांकेट वितरण गरिएको थियो ।

**भद्रपुर नगरपालिका वडा नं. ५**

नगर क्षेत्रभित्र खेलकुदकार्यक्रमलाई अगाडी बढाउने उद्देश्य राखी वडा नं.५ ले झापाजिल्लामा नै पहिलो पटक वडास्तरीय बिच भलिबलप्रतियोगिता सञ्चालनगरेको थियो । जस्मा नगर क्षेत्रका१० वटै वडाका टीमहरुले सहभागिताजनाएकाथिए । उक्त खेलमा वडा नं.३ प्रथमभई रु २५ हजार र वडा नं.५ द्वितीयभई रु.१५ हजार पुरस्कार प्रदान गरिएको थियो । उक्तप्रतियोगितामानेपाल र भारत बिचको सम्बन्धमालाई

प्रगाढ बनाउने उद्देश्यले नेपालभारत मैत्री संघ र भारत नेपाल मैत्री संघ पदाधिकारीहरु बिच मैत्री पूर्ण खेल समेत भएको थियो ।





**भद्रपुर नगरपालिका वडा नं.६**

पृथ्वीजयन्तीतथा राष्ट्रिय एकतादिवसको भद्रपुर नगरपालिका ६ नम्बर वडा कार्यालय र बलबस्टर्स क्लवभद्रपुरको संयुक्तआयोजनामाभद्रपुर नगरपालिकाका १० वटै वडाहरुलाई समेटी वडा स्तरीय त्द्दण क्रिकेट प्रतियोगिता सञ्चालन गरिएको थियो ।उक्तप्रतियोगितामा वडा नं.६ प्रथम र वडा नं.५ द्वितीयभएकाथिए ।

प्रतियोगिताको समापन ६ नम्बर वडा अध्यक्ष प्रेम बहादुर बरुवालको अध्यक्षतातथाभद्रपुर नगरपालिकाकानगर प्रमुखजीवनकुमार श्रेष्ठको प्रमुखआतिथ्यताभएको कार्यक्रममापूर्व क्रिकेट खेलाडीहरु प्रकाशअधिकारी, राजेश गुप्ता, शंकर गौतम, शंकर मैनाली र देवराज सुब्बालाई नगदसहित सम्मान गरिएको थियो । स्वागतमन्तव्य बलबस्टर्स क्लवकाअध्यक्षजितेन्द्र शर्माले राखेको कार्यक्रममानगरका उपप्रमुखचन्द्रामायाश्रेष्ठ, शर्मिलाअधिकारी, शंकर गौतम लगायतले मन्तव्यराख्नु भएको थियो ।





**भद्रपुर नगरपालिका वडा नं.७**

भद्रपुर नगरपालिकाको वडा नं.७ मा रहेको बुधकरण टि-स्टेटमा रहेका करिब १०८ घर परिवारमा रहेका मजदुरहरुशौचालयविहिनरहेकोमा नगर प्रमुख,उपप्रमुख, वडा अध्यक्षलगायत सम्पूर्ण जनप्रतिनिधीहरुको उपस्थितीमाभएको छलफल एवम् पहलले गर्दा उक्तचियाबगानको क्वार्टरमा बसोबास गर्ने मजदुरहरुकालागि९७ वटा शौचालयबुधकरण टि-स्टेटको पूर्ण सहयोगमा र ११ वटा शौचालय वडा समितिबाट निर्माण गरिएको थियो ।जसमाबुधकरण टि-स्टेटले शौचालयनिर्माणका लागिजग्गालगायतआवश्यक सामग्रीहरु समेत उपलब्ध गराई खुलादिसामुक्तअभियानमा सहयोग गरेकोमा वडा कार्यालय तथानगरपालिकाबाट सम्मान समेत गरिएको थियो ।

**भद्रपुर नगरपालिका वडानं.८**

**(१)आयआर्जनकालागि तरकारी खेतीतथाबाखापालनकार्यक्रम**

आर्थिक अवस्थाअनुसार वडा नं. ८ मा मानिसहरुको अति गरिब,गरिब,मध्यम र धनीवर्गका मानिसको बसोबास रहेकोछ । जसमध्येअति गरिबबसोबास भएको मानिसहरु करिबकुलजनसख्याको २५ प्रतिशत रहेको पाईन्छ । उक्तवर्गका मानिसहरुलाई पशु तथा कृषिव्यवसायमा संलग्न गराई आत्मनिर्भर बनाउने उद्देश्य राखी तरकारी खेती(मौसमी तथा बेमौसमी),बाखा, बंगुर,गाईका बाछीहरुवितरणका साथै पशु बिमा समेतकाकार्यक्रममहरु संचालनगरिएको ।जसको विवरण देहायबमोजिम रहेकोछः

**कार्यक्रममा सहभागी सख्या :–**

१.यस वर्ष बाखापाउने कृषकहरु :– ४० जना

२.अर्कोबर्ष पाउने कृषकहरु :–४० जना

३. तरकारी खेती गर्ने कृषकहरुः–१०० जना

जम्माः– १८० जना

**(२) .अनुकरणिय कार्यहरु :-**

- पुरस्कार तथाविशाल सहभागितासहितको मिनिम्याराथुन दौड
- प्रहरी बिटको स्थापना र संचालन
- अर्गानिक तरकारीका २० हजार बिरुवाउत्पादन गरीउत्पादित तरकारीलाई वडामा नै बिक्री डिपो राखिबिकि गर्ने गरेको ।
- आयआर्जनकालागिअति गरिब घरघुरीमा ४० वटा बाखावितरण गरिएको ।
- वडालाई स्वच्छ र सफा राख्नकालागिबिभिन्न ठाउँमा डस्टबिनहरु राखिएको ।
- दुघर्टना न्यूनिकरणका लागि मेची राजमार्गको मुख्य ठाँउ सगरमाथा चोक,क्याम्पस मोड,मंगल चोक,एस.पि.मोड र संगमचोकमाहोडीङ्ग बोर्ड राखीसाप्ताहिक रुपमाजनचेतनामुलककार्यक्रम सन्चालन ।
- वडाका बिभिन्न ठाँउमा सि.सि क्यामेरा जडान गरी शान्ती, सुरक्षातथा चोरी चकारी नियन्त्रण ।





**भद्रपुर वडा नं.९**

**<u>सिफारिसहरु</u>**

- नाता प्रमाणित २९
- नागरिकता १६२
- चारकिल्ला ११६
- घर बाटो १२२
- मिटर जडान ३६
- खानेपानी ५
- अन्यसिफारिस १४५

**<u>वडाबाट भएकाअन्यकार्यहरु</u>**

- टोलविकास संस्थामार्फत फोहर संकलनकालागिडस्बिनको व्यवस्था गरिएको ।
- पारिजात चौकमा स्थानीय कृषीबजार सञ्चालनभएको।
- कृषकहरुलाई गोबर ग्यास प्लाण्ट निर्माण गरिएको ।
- बालमैत्री वडा बनाउनकालागिकार्य योजनानिर्माण गरिएको ।
- वडा स्तरीय बालक्लबले हाजिरीजवाफप्रतियोगिता सञ्चालन गरेको ।

**भद्रपुर नगरपालिका वडा नं. १०**

वडाबाट भएकाकार्यहरु

| | |
|---|---|
| शैक्षिकविकास :-सामुदायिकविद्यालय | “सामुदायिकविद्यालयहाम्रो विद्यालय”भन्ने नारा सहितअभिभावकत्वप्रदान गर्न वडाका सबै विद्यार्थीलाई न्यानो कपडा बितरण तथाअनुगमन |
| बाटाको नामकरण | बाटोको नामकरणको आधारमा भएको घर नम्बरिङ्ग सहितप्लेट टाँस्ने काम |
| विद्युलपोलनम्बरिङ्ग | वडा भित्र सबै विद्युतपोल नम्बरिङ्ग गरेको |
| पर्यटन विकास -नगरको भौगोलिक ऐतिहासिक, धार्मिक पर्यटन प्रबर्द्धन | वडाका सामुदायिकविद्यालयकाबिद्यार्थीहरुलाई जानकारीकालागिनगरको भौगोलिक, ऐतिहासिक ,धार्मिक, <u>नगर गित</u>, पर्यटकीय स्थलको जानकारी सहितको |

| | |
|---|---|
| | डायरी,कपी र स्टेशनरी सामाग्रीवितरण |
| खेलकुदविकास | वडा स्तरीय म्याराथुन दौडमा वडाको तर्फबाट सहभागीभई प्रथमभएकाश्री सरण गिरीले पुरस्कार प्राप्त गरेको, वडा स्तरीय बिच भलिबल, क्रिकेट खेलमा वडाबाट भागलिएको, |
| सामाजिकन्याय | लेनदेन कारोबार सम्बन्धी ६ वटा लिखत प्रमाणित भएको, २०७५ श्रावणदेखि पौष मसान्तसम्म ११ वटा मुद्दादर्ता भई ५ वटा फछर्यौट |
| दुर्घटना न्युनिकरण | सवारी दुर्घटना न्युनिकरण गर्न गति नियन्त्रण बोर्ड ट्राफिक प्रहरी समेतको पहलमा एस.पि.मोडदेखि देवनीयापुलसम्म राखिएको । |
| पोसाकबितरण | सफाई कर्मचारीलाई न्यानो पोसाक बितरण । |
| बालक्लबकार्यक्रम | बालक्लबद्वाराहाजिरी जवाफकार्यक्रम सञ्चालन,विद्यालयनजाने बालबालिकालाई विद्यालयजानप्रोत्साहन गरेको । |

- यस वडामा रहेका १२ वटा टोल बिकास संस्थामध्ये ६ वटा टोल बिकास संस्थाको साधारण सभा सम्पन्नभई नयाँ समिति गठन भएको ।
- ४ वटा टोलविकास संस्थाले सरसफाईको लागि डष्टबिन वितरण गरिएको।
- ४ वटा टोलविकास संस्थाले आफ्नो क्षेत्रको नक्सा सहितको बोर्ड राखेको ।
- न्यानो कपडा वितरण गरिएको ।

**शैक्षिक क्षेत्रको विकास सम्बन्धीकार्यक्रम :**

- शिक्षादिवसमाभद्रपुर नगरपालिका क्षेत्रभित्रबाट गतआ.व. देखि २०७५ असार मसान्तसम्मअवकास प्राप्त ४२ जनाशिक्षकलाई सम्मान गरिएको ।
- शैक्षिकबर्ष २०७४ को एसइइमा सर्वोत्कृष्ट अंक (GPA) प्राप्त गर्ने छात्र छात्रालाई सम्मान ।
- सांस्कृतिककार्यक्रम संचालन ।
- ९ वटा आधारभुततहकाविद्यालयमा कम्प्युटर र प्रिन्टरनगरपालिकाबाट वितरण गरिएको।
- अंग्रेजी माध्यमबाट संचालितविद्यालयकाशिक्षकहरुलाई अंग्रेजीभाषा शिक्षण सम्बन्धि ५ दिवसियतालिम ।
- ५७जनाबालशिक्षकहरुलाई ३ दिवसियपुर्नताजगीतालिमप्रदान ।
- प्रधानाध्यापकहरुलाईनेतृत्वविकास तथाविद्यालय सुधार सम्बन्धि ५ दिवसियकार्यशाला संचालन
- सामुदायिक र संस्थागतविद्यालयकाप्रधानाध्यापकहरुलाई संयुक्त छलफल गराई सामुदायिक र संस्थागतविद्यालयबीचमा सहयोग आदानप्रदान गर्न दौंतरी सम्बन्धकायम गराउने अभ्यास प्रारम्भ गरिएको ।
- सामुदायिकतथा संस्थागतविद्यालयकाप्रधानाध्यापकहरुको संयुक्त बैठक संचालन ।

**विविधकार्यक्रमका तस्वीरहरु**



सामुदायिक कुकुरहरुको बन्ध्याकरण



पशु विमा तथा पशु पालन व्यवस्थापन तालिम





कृषि पाठशालाका केहीझलकअवलोकन भ्रमणमा अन्तरकृया

**(१) महिला स्वयंसेविका दिर्घकालिन सेवाको लागि सम्मानजनकबिदाई कार्यक्रम**

स्वास्थ्यशाखाको आयोजना र महिला स्वयंसेविका संघका अध्यक्षसिताआचार्यको अध्यक्षता, नगर प्रमुखश्री जीवनकुमार श्रेष्ठको प्रमुखआतिथ्यता, उपप्रमुखचन्द्रमायाश्रेष्ठका साथै अन्यपदाधिकारीहरुको उपस्थितीमा सञ्चालितकार्यक्रममाबिदाई भएर जाने स्वयंसेविकाहरु भद्रपुर ७ का बन्दनापौडेल, भद्रपुर ८ का गंगा रेग्मी, भद्रपुर १० का सिता राई, भद्रपुर ५ का देवकीप्रधान र भद्रपुर ६ का संगितापौडेल हुनु हुन्थ्यो, निजहरुलाई जनही रु.५० हजार प्रदान गरिएको थियो ।




**२) आँखातथाकान सम्बन्धीनिशुल्क स्वास्थ्यशिबिर कार्यक्रम**

मिति २०७५ पुष २६ गते स्थान चन्द्रगढी स्वास्थ्य चौकी :





**(३)विश्व एडस दिवस DEC 2018(२०७५ मंसिर १५ गते)**



**(४) झापाजिल्ला कारागारमा क्षयरोगMicroscopic Campतथा कुष्ठरोग Screening camp**



## (५)जेष्ठ नागरिकसंग नगरप्रमुखकार्यक्रमतथा जेष्ठ नागरिक स्वास्थ्यशिबिर कार्यक्रम

**जेष्ठ नागरिक स्वास्थयशिबिर सञ्चालनः** पहिलो चरण अर्न्तगत स्वास्थ्य सस्थानभएको वार्डहरु २,४,६,७र १० मा जेष्ठ नागरिकहरुको स्वास्थ्यअवस्था परिक्षण ,ल्याब सेवाअर्न्तगतBlood-Sugar,Urineजाँच गर्ने र मधुमेह,उच्चरक्तचाप,श्वासप्रश्वास,ग्यास्ट्राईटिस, क्यालसियमलगायतको साधारण औषधीहरुको ब्यबस्था गरिएको थियो ।

**क ). कार्यक्रममाप्रदान गरिएका सेवाहरु**

| क्र स | स्वास्थ्य सेवाको विवरण | स्वास्थ्यशिबिर संचालनभएको स्थान र मिति | | | | | **जम्मा सेवा** |
|---|---|---|---|---|---|---|---|
| | | भद्रपुर २ सगरमाथा २०७५ माघ २० गते | भद्रपुर ४ वडा कार्यालय २०७५ माघ २१ गते | भद्रपुर ६ पशु सेवाकार्यालय २०७५ माघ २२ गते | भद्रपुर ७ वडा कार्यालय २०७५ माघ २३ गते | भद्रपुर१० वडा कार्यालय २०७५ माघ २४ गते | |
| १ | जम्मा सेवाग्राही | १२० | १५७ | १०६ | १६८ | ११३ | ६६४ |
| २ | पुरुष | ५९ | ८९ | ४८ | ७७ | ६५ | ३३८ |
| ३ | महिला | ६१ | ६८ | ५८ | ९१ | ४८ | ३२६ |
| ५ | प्रयोगशाला सेवा | ३२ | ५८ | ७६ | ७५ | ७८ | ३१९ |
| ४ | उच्चरक्तचाप | ६३ | ५५ | ३९ | २३ | ४३ | २२३ |
| ५ | मधुमेह | १४ | २४ | ९ | ३५ | ३१ | ११३ |
| ६ | श्वासप्रश्वास | २० | २१ | २९ | २६ | २५ | १२० |
| ७ | अन्य सेवा | १४ | ५७ | ३२ | ८४ | ३१ | २१८ |
| ८ | औषधीबितरण | ११५ | १५७ | १०६ | १६५ | ११० | ६५३ |





## सिसी क्यामेरासँगै प्रविधि मैत्री सुरक्षामा वडा प्रहरी

**यम कुमार श्रेष्ठ, प्रहरी निरीक्षक**
**वडा प्रहरी कार्यालय, भद्रपुर।**

नेपाल–भारत सीमासँग जोडिएको झापाको सदरमुकाम भद्रपुर नगरपालिका वि.सं. २००८ सालमा स्थापना भएको हो। देशकै सबै भन्दा पुरानो नगर भएता पनि भौगोलिक दृष्टिकोणले भद्रपुर नगरपालिका सानो थियो । स्थानीय तह पुन:संरचना पश्चात साबिक महेशपुर, चन्द्रगढी र पृथ्वीनगर गाविस गाभिएपछि अहिले भौगोलिक दृष्टिकोणले वृहत नगरपालिका भएको छ । ९६.३५ वर्ग कि.मी. क्षेत्रफल ओगटेको यस नगरको १० वटा वडाको कुल जनसङ्ख्या ६५,५३३ रहेको छ।

पूर्वमा भारतको पश्चिम बङ्गाल तथा विहार सीमासँग जोडिएकोले भद्रपुर नगर सुरक्षाको दृष्टिकोणले चुनौतीपूर्ण मानिन्छ। झापाजिल्लाको अरू स्थानीय तह भारतको दुई वटा राज्य नछोएकोले अन्य नगर भन्दा यस नगरको सुरक्षामा थप चुनौती छ। नगरवासीको जिउधनको सुरक्षाका लागि नेपाल प्रहरी चौबिसै घण्टा तैनाथ छ। नगरवासीको सुरक्षाका लागि वडा प्रहरी कार्यालय भद्रपुर, जिल्ला प्रहरी कार्यालय झापा, प्रहरी चौकीघोडामारा र सीमा प्रहरी चौकी पृथ्वीनगरले शान्ति सुरक्षा प्रदान गर्दै आइरहेको छ । त्यसको अलावा वडा प्रहरीको मातहत प्रहरी चौकीमेचीपारि र प्रहरी चौकीमहेशपुर पनि नगरवासीको सुरक्षामा समर्पित छ। भद्रपुर नगरपालिकाको १० वटा वडाहरूमध्ये वडा प्रहरी कार्यालय भद्रपुरले ६ वटा वडामा सुरक्षा प्रदान गर्दै आइरहेको छ।

पछिल्लो समयमा विज्ञान प्रविधि मैत्री सुरक्षा योजना विश्व जुन रफ्तारले बढ्न थालेको छ त्यसैगरी नेपाल प्रहरी सङ्गठन पनि त्यही गतिमा प्रविधि मैत्री सुरक्षा देशभर लागु गर्ने योजनाका साथ अघि बढेको छ। सङ्गठनको नीति अनुसार नै वडा प्रहरी प्रविधियुक्त सुरक्षा योजनाका साथ चालु आर्थिक वर्ष २०७५।७६ देखि अघि बढेको हो।

सीमामा हुने चोरी, तस्करी, आपराधिक क्रियाकलापसँगै नगरवासीको शान्ति सुरक्षाका लागि वडा प्रहरीले पहिलो चरणमा भद्रपुर नगरपालिकाको विभिन्न स्थानमा १५ वटा सिसी क्यामेरा जडान गरेको छ । भद्रपुर नगरपालिका कार्यालयको ५ लाख रुपैयाँ, ४,५,६ र ८ नम्बर वडा कार्यालयहरुको २ लाख रुपैयाँ र स्थानीय उद्योगी, व्यापारी, नागरिक समाज, सङ्घसंस्थाको ७ लाख रुपैयाँको सहयोगमा कुल १४ लाखमा सिसी क्यामेरा जडान गरिएको हो। भद्रपुरको भानु चोकमा एउटा, सगरमाथा चोकमा दुई वटा, झिम्की चोक (चेक पोस्ट) एउटा, भद्रपुर भन्सार अगाडि एउटा, मेची पुलमा एउटा, झापा चोकमा दुई वटा, भद्रपुर बजारमा दुई वटा, हस्पिटल मोडमा एउटा, संगमचोकमा एउटा, बसपार्कमा एउटा, भद्रपुर नगरपालिका अगाडि एउटा र जनता चोकमा एउटा सिसी क्यामेराले २०७५ पुस ६

गतेदेखि नगरवासीको निगरानी गरिरहेको छ । जडान गरिएको सिसी क्यामेराले प्रहरीको जनशक्ति कम खर्च भएको, सिसी क्यामेराले निगरानी गरेको स्थानहरूमा आपराधिक क्रियाकलापमा कमी ल्याएको, प्रहरी शान्ति सुरक्षाको बारेमा जनमासमा सकारात्मक सन्देश प्रवाह भएको, चोरी तथा लुटपाटको घटनामा कमी आउनुका साथै अपराध गर्ने व्यक्तिमा त्रास पैदा गरेको, सिसी क्यामेराको सहयोगमा चोर पक्राउ गर्न सफल भएको,  सवारी दुर्घटना गरी फरार भएका सवारीसाधन पहिचान गरी कानुनी दायरामा ल्याउनुका साथै दुर्घटना पश्चात् उत्पन्न विवादलाई समाधान गर्न सिसी क्यामेराले सहयोग पुगेको, सिसी क्यामेरा जडान क्षेत्रमा दुर्घटनामा परी कसरी मृत्यु भएको घटनाको छानबिन सहयोग पुगेको र कुनै पनि घटना तथा दुर्घटना हुँदा नगरवासीको फोन कल आउनुभन्दा अगाडि नै प्रहरी घटनास्थल पुग्न सफल भएको राम्रो पक्ष सिसी क्यामेरा जडानले भएको छ । सिसी क्यामेरा जडानले नगरको शान्ति सुरक्षा पहिला भन्दा चुस्त दुरुस्त भएकोले नगरको हरेक गल्ली गल्लीमा थप सिसी क्यामेरा जडान गर्नु पर्ने आवश्यक देखियो । वडा प्रहरीले थप सिसी क्यामेरा जडानका लागि आवश्यक पहल सुरु गरेकै बेला एक नम्बर प्रदेश सरकारले भद्रपुरमा थप सिसी क्यामेरा जडानका लागि आर्थिक सहयोग गर्ने जनाइएको छ ।

प्रदेश सरकारले चासो देखाएपछि भद्रपुर नगरपालिकाले थप १४ स्थानमा १७ वटा सिसी क्यामेरा जडान गर्ने भनी बजेटसहितको विवरण प्रदेश सरकारलाई पठाइसकेको छ । वडा प्रहरीले भद्रपुर बजार भित्रपट्टिको पान पसल छेउ, सिनेमा हलको पूर्वी बाटो, गणेश मन्दिर अगाडि, मेची अस्पताल अगाडि, गार्मेन्ट चोक, बोक्तबारी चोक, ज्ञाने चोक, मन्त्री चोक , बसपार्क पश्चिमको बाटो, राजन चोक, देबीबस्ती,  डाँफे चोक,कनाह चोक र गिरी चोकमा सिसी क्यामेरा जडान गर्ने योजना बनाएको छ । प्रदेश सरकारबाट बजेट पारित भएसँगै यी स्थानहरूमा निकट भबिष्यमा सिसी क्यामेरा जडान हुनेछ ।

सहकारी संस्थाको विवरण

यस नगरपालिकाक्षेत्रमातपसिलमाउल्लेखित सहकारी संस्थाहरुले आफ्नो कार्यक्रम सञ्चालन गरी रहेका छन् ।

## तपसिल

| क्र सं | सहकारी संस्थाको नाम | ठेगाना | कार्य क्षेत्र | सहकारी प्रकार |
|---|---|---|---|---|
| १ | सहकारी संस्था लि. चन्द्गढी | भद्रपुर- १० | भद्रपुर चन्द्रगढी | बहुउद्देश्यि |
| २ | सहकारी संस्था लि. पृथ्वीनगर | पृथ्वीनगर | पृथ्वीनगर | बहुउद्देश्यि |
| ३ | सानाकिसान कृषी सहकारी संस्था लि. | पृथ्वीनगर- १ | पृथ्वीनगर | कृषी |
| ४ | सुर्योदय बचत तथा ऋण सहकारी संस्था लि. | भद्रपुर- ५ | भद्रपुर, चन्द्रगढी, पृथ्वीनगर | वचतऋण |
| ५ | शान्तीकृषक बहुमुखी सहकारी संस्था लि. | चन्द्रगढी-८ | चन्द्रगढी | बहुउद्देश्यि |
| ६ | सानाकिसान कृषी सहकारी संस्था लि. | महेशपुर | महेशपुर | |
| ७ | कलबलगुढी कृषी सहकारी संस्था लि. | चन्द्रगढी- १ | चन्द्रगढी | कृषी |
| ८ | प्रकाशकृषि सहकारी संस्था लि. | चन्द्रगढी-९ | चन्द्रगढी | कृषी |
| ९ | किच्चकबधकृषी सहकारी संस्था लि. | पृथ्वीनगर | पृथ्वीनगर | कृषी |
| १० | कर्मशील कृषी सहकारी संस्था लि. | पृथ्वीनगर | पृथ्वीनगर, महेशपुर | कृषी |
| ११ | चेलीबेटी महिला बचत तथा ऋण सहकारी संस्था लि. | भद्रपुर-६ | भद्रपुर | वचतऋण |
| १२ | पृथ्वीनगर कृषी सहकारी संस्था लि. | पृथ्वीनगर-७ | पृथ्वीनगर | कृषी |
| १३ | मार्गदर्शन महिला कृषी सहकारी संस्था लि. | पृथ्वीनगर | पृथ्वीनगर | कृषी |
| १४ | कन्चनमहिलाकृषी सहकारी संस्था लि. | पृथ्वीनगर-७ | पृथ्वीनगर | कृषी |
| १५ | चन्द्रगढी तरकारी तथाफलफैल सहकारी संस्था लि | चन्द्रगढी-७ | चन्द्रगढी | तरकारी फनफुल |
| १६ | भद्रशिवामहिला बचत तथा ऋण सहकारी संस्था लि. | भद्रपुर-५ | भद्रपुर | वचतऋण |
| १७ | भद्रपुर बचत तथा ऋण सहकारी संस्था लि. | भद्रपुर-१४ | भद्रपुर | वचतऋण |
| १८ | सुरक्षाकृषी सहकारी संस्था लि. | भद्रपुर | भद्रपुर | कृषी |
| १९ | बैदिक बचत तथा ऋण सहकारी संस्था लि. | चन्द्रगढी ६ | चन्द्रगढी | वचतऋण |
| २० | सर्वसुलभ बचत तथा ऋण सहकारी संस्था लि. | भद्रपुर-५ | चन्द्रगढी भद्रपुर | वचतऋण |
| २१ | चन्द्रगढी एकतामुलकृषी सहकारी संस्था लि. | चनद्रगढी-५ | चन्द्रगढी | कृषी |
| २२ | संयूक्त जनकल्याण सामुदायिक कृषी सहकारी संस्था लि. | महेशपुर-३ | महेशपुर | कृषी |
| २३ | कमलधापकृषी सहकारी संस्था लि | पृथ्वीनगर-५ | पृथ्वीनगर | कृषी |
| २४ | धनलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. | भद्रपुर-१५ | भद्रपुर | वचतऋण |
| २५ | समृद्धि बचत तथा ऋण सहकारी संस्था लि. | भद्रपुर-२ | भद्रपुर, महेशपुर, चन्द्रगढी | वचतऋण |
| २६ | सत्यलक्ष्मी कृषी सहकारी संस्था लि. | चन्द्रगढी-६ | चन्द्रगढी | कृषी |
| २७ | शुभसाईत बचत तथा ऋण सहकारी संस्था लि. | चन्द्रगढी-८ | चनद्रगढी, भद्रपुर महेशपुर | वचतऋण |

| | | | | |
|---|---|---|---|---|
| २८ | स्वच्छन्द कृषी सहकारी संस्था लि. | भद्रपुर-१३ | भद्रपुर | कृषी |
| २९ | भद्र सुपारी सहकारी संस्था लि. | भद्रपुर-८ | भद्रपुर | सुपारी |
| ३० | सुभद्रममहिलाकृषी सहकारी संस्था लि. | भद्रपुर-८ | भद्रपुर | कृषी |
| ३१ | ग्रेसी सुपारी सहकारी संस्था लि. | पृथ्वीनगर-५ | पृथ्वीनगर | सुपारी |
| ३२ | सानाकिसान कृषी सहकारी संस्था लि. | भद्रपुर-१० | भद्रपुर | कृषी |
| ३३ | हाम्रो सगरमाथा बचत तथा ऋण सहकारी संस्था लि. | पृथ्वीनगर-५ | पृथ्वीनगर | कृषी |
| ३४ | पुष्पान्जलीमहिलाकृषी सहकारी संस्था लि | पृथ्वीनगर-७ | पृथ्वीनगर | कृषी |